# राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

## *७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरको मन्तव्य*

***सम्माननीय प्रधानमन्त्रीज्यू,***

***माननीय मन्त्रीज्यूहरू***

***विशिष्ट अतिथिज्यूहरू*** .............

संयुक्त राष्ट्र संघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको आज ७३ वर्ष भएको छ। विश्वभरी नै १० डिसेम्बरलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा मनाउने गरिएको छ । यसै सन्दर्भमा आयोगद्वारा आयोजित कार्यक्रममा हाम्रो निमन्त्रणा स्वीकार गरी समुपस्थित भईदिनुभएकोमा म सम्माननीय प्रधानमन्त्रीज्यूसहित सम्पूर्ण अतिथि महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै सबैमा ***७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको*** हार्दिक शुभकामना व्यक्त गर्दछु।

स्वतन्त्रता, समानता, मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने मानवका नैसर्गिक अधिकारहरूको उपयोग गर्न कसैले बन्देज गर्न सक्दैन भन्ने विषयलाई स्मरण गर्दै संयुक्त राष्ट्र संघबाट तय भएको **EQUALITY-Reducing inequalities, advancing human rights** भन्ने नाराका साथ आज विश्वभर ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइँदै छ। महामारीको रूपमा फैलिरहेको कोरोना भाइरसको कारण विश्वभरका मानवहरूको बाँच्न पाउने अधिकारका साथै अन्य मानव अधिकारहरू समेत जोखिममा परेको छ। महामारीबाट सृजित यो कठिनाइलाई सामना गर्न हामी सबै एक जुट भई लाग्नुपर्ने अवस्था रहेको छ।

***सम्माननीय प्रधानमन्त्रीज्यू,***

नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रका साथै मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र रहेको हुँदा मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सम्बन्धी प्रमुख दायित्व राज्यको हुन्छ। ती दायित्वहरू राज्यले पूरा गरे-नगरेको बारेमा निगरानी तथा खबदारी गर्ने र दायित्व बहन नगरेको अवस्थामा राज्यलाई उत्तरदायी बनाउने जिम्मेवारी यस आयोगलाई रहेको छ।

नेपाल संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषदमा एसिया प्रशान्त क्षेत्रबाट प्रतिनिधित्व गर्दै दोस्रो कार्यकाल सन् २०२१-२०२३ का लागि निर्वाचित भएको छ। संयुक्त राष्ट्रसंघले विश्वभर निर्वाह गर्ने मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका हकमा सबैभन्दा उच्च अन्तरसरकारी संयन्त्रका रुपमा यो परिषद्लाई लिइने गरिएको छ। यसले समेत नेपाललाई मानव अधिकार प्रतिको दायित्व थप गरेको छ।

मानव अधिकार परिषद स्थापना पछि तेस्रो पटक नेपालको मानव अधिकारको बारेमा विश्वव्यापी आवधिक समिक्षा सम्पन्न भइसकेको छ। आवधिक समिक्षाको हरेक चक्रमा राष्ट्रिय मानव अधिकार संस्थाको तर्फबाट आयोगले समेत प्रतिवेदन पेश गर्ने गरेको छ। विश्वव्यापी आवधिक समिक्षाको तेस्रो चक्र (२०२०) मार्फत नेपालले प्राप्त गरेका २३३ सिफारिसहरु मध्ये नेपालले १९६ वटा सिफारिसलाई स्वीकार गरेको छ।

नेपाल सरकारका तर्फबाट सन्धिजनित समितिमा पेश हुन बाँकी आवधिक प्रतिवेदनहरू समयमा नै पेश हुनेमा आयोग विश्वस्त छ। राष्ट्रिय मानव अधिकार आयोगले पनि सन्धिजनित समितिहरूमा प्रतिवेदन पेश गर्ने गरेको छ। अहिले राष्ट्रिय मानव अधिकार आयोगले बाल अधिकार समितिमा पेश हुने प्रतिवेदनको तयारी गरिरहेको कुरा समेत जानकारी गराउन चाहन्छु । साथै अन्तर्राष्ट्रिय संयन्त्रहरू तथा सन्धिजनित निकायहरूबाट प्राप्त सिफारिसहरूको

कार्यान्वयनमा तदारुकताका साथ लाग्न नेपाल सरकार लगायत सम्बन्धित सरोकारवालाहरूलाई अनुरोघ गर्दछु । दिगो विकास लक्ष्य सन् २०१५-२०३० ले सबै प्रकारका गरिबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ । दिगो विकासका १७ लक्ष्यहरू मानव अधिकारसँग नै सम्बन्धित रहेकाले यसलाई जनताले अनुभूति गर्ने गरी कार्यान्वियन गर्न म अनुरोध गर्दछु ।

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा ठोस योगदानको लागि संविधानले राष्ट्रिय मानव अधिकार आयोग लगायतका अन्य ८ वटा संवैधानिक निकायको व्यवस्था गर्नु आफैंमा महत्वपूर्ण विषय हो । नेपालको राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकाल (सन् २००१) देखि नै A status मा रहिआएको छ । यो हामी सबैका लागि गौरवको विषय पनि हो । आयोगको A Status तथा अन्तर्राष्ट्रिय छवि हुनुले नेपाललाई मानव अधिकार परिषद्मा २ पटक सदस्य निर्वाचित हुन सहज भएको छ, जुन कुरा नेपाल सरकारका लागि अन्तर्राष्ट्रिय स्तरमा गौरवको विषय पनि बनेको छ ।

मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरूबाट समेत सिफारिस भएको र नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता समेत जनाएको सन्दर्भमा द्वन्द्वकालीन घटनाका पीडितको न्याय प्राप्तिका लागि छिट्टै बाँकी कार्य टुङ्ग्याउनुपर्ने दायित्व नेपाल सरकारमा रहेको छ । यसै परिप्रेक्षमा सङ्क्रमणकालीन संयन्त्रमार्फत छिट्टै पीडित र परिवारमा समेत न्यायको अनुभूति हुने गरी सो कार्यलाई निष्कर्षमा पुऱ्याउनुपर्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले विगतमा गरेका सिफारिस समेतका आधारमा नेपाल सरकारले पालेर्मो प्रोटोकलको अनुमोदन गरेको छ । यसको प्रभावकारी कार्यान्वयनले मानव वेचबिखन जस्तो गम्भीर मानव अधिकार उल्लंघनको रोकथाम तथा पीडकलाई दण्ड सजायको दायरामा ल्याउन सहज भएको छ । उक्त प्रोटोकलको प्रभावकारी कार्यान्वयनका लागि म सबै सरोकारवालाहरूलाई अनुरोध गर्न चाहन्छु ।

नेपालले वर्तमान संविधान जारी हुनु अघि र त्यसपश्चात् मौलिक हकका अतिरिक्त मानव अधिकारसँग सम्बन्धित धेरै नीतिहरू बनाएको छ । मौलिक हकको कार्यान्वयन तथा मानव अधिकारसँग सम्बन्धित नीतिहरूको कार्यान्वयन अवस्थाको पनि समीक्षा गर्न जरूरी भएको छ । संघ, प्रदेश तथा स्थानीय तहको ५ वर्षे कार्यकाल समाप्त हुन लाग्दा समेत संविधानले उल्लेख गरेका कतिपय साझा अधिकार सूची अनुरूपका कानूनहरू समेत जारी हुन सकेका छैनन् । कतिपय कानूनहरू मानव अधिकारमैत्री बनाउनका लागि पुनरावलोकन गर्नुपर्ने देखिएका छन् । नेपाल सरकारले प्राथमिकताका साथ कानूनहरूलाई मानव अधिकारमैत्री बनाउन पुनरावलोकन गर्ने तथा साझा अधिकार सूची अन्तर्गतका कानून छिट्टै जारी गर्न पहल गर्ने नै छ भन्ने मैले विश्वास लिएको छु ।

नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना जारी भई कार्यान्वयनको चरणमा रहेको छ । यो योजनाले संघ, प्रदेश तथा स्थानीय सरकारलाई जिम्मेवार बनाउन खोजेको छ । मानव अधिकारको प्रत्याभूतिको लागि यसको कार्यान्वयनमा सबै तहका सरकारलाई जिम्मेवार बनाउनु आवश्यक छ । तथापि योजना निर्माणकै चरणदेखि सबै तहका सरकारलाई सहभागी बनाएर अपनत्वको विकास गराउने तथा जिम्मेवार बनाउनुपर्ने आवश्यकता आयोगले महसुस गरेको छ ।

विदेशी कामदारको रूपमा विभिन्न मुलुकमा रहेका नेपाली नागरिकहरूले यातना लगायत मानव अधिकारको उल्लंघनका घटनाबाट प्रताडित हुनु परेको कुरा सार्वजनिक हुने गरेका छन् । आप्रवासी कामदारहरू न्यूनतम मानवअधिकारबाट समेत वञ्चित हुने गरेको र घरेलु कामदारहरू सबैभन्दा बढी जोखिममा पर्ने गरेका विवरणहरू समेत वेला वेलामा सार्वजनिक हुने गर्दछन् । आप्रवासी कामदारका यस्तै समस्याहरूको समाधानका लागि विदेशस्थित कुटनीतिक नियोगहरू तथा सरकारका प्रतिनिधिहरुले समेत सम्बन्धित मुलुकका मानव अधिकार संस्थाहरूसँग सहकार्यमा यस्ता समस्या समाधानमा पहल कदमी लिनुहुनेछ भन्नेमा म विश्वस्त छु ।

राष्ट्रिय मानव अधिकार आयोगमा वर्तमान पदाधिकारी नियुक्ति पछि आयोगले सन् २०२१ देखि २०२६ सम्मका लागि रणनीतिक योजना निर्माण गरेको छ । यस योजनाले संघियता (सङ्घ, प्रदेश तथा स्थानीय तह) मा मानव अधिकार संरक्षण तथा सम्बर्द्धनका लागि कार्य गर्न आयोगलाई दिशानिर्देश गर्नुका साथै व्यवसाय र मानव अधिकार, जलवायु

परिवर्तन र मानव अधिकार, भष्टाचार र मानव अधिकार, दिगो विकास लक्ष्य, मानव अधिकार राष्ट्रिय कार्ययोजनाको अनुगमन लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।

विश्वव्यापी रूपमा फैलिरहेको कोरोना महामारीको कारण विश्व नै ग्रसित भएको अवस्थामा यसबाट बच्न विश्वको नै प्रयास जारी छ । कोरोना महामारीविरूद्धको खोप नेपालमा पनि आइसककेको अवस्था छ । यद्धपि अझै पनि ७० प्रतिशत नेपाली नागरिकहरू खोपको पहुँचबाट बञ्चित रहेको तथ्यांकले देखाउँछ । सबै नागरिकको लागि खोप पहुँच वृद्धि गर्नेतर्फ, भूकम्प तथा बाढी पीडितहरूको पुनर्स्थापना र राहतका कार्यक्रमहरू वृद्धि गर्नेतर्फ नेपाल सरकारको ध्यान केन्द्रित गराउन चाहन्छु । भूकम्पको महामारीबाट क्षतिग्रस्त भएको आयोगको भवन निर्माण कार्यमा ढिलाई हुँदा आयोगको काम कारवाहीमा प्रभाव पर्न गएको छ । आजको यस अवसरमा आयोगको लागि दिगो भवनको व्यवस्थापनमा पहल हुन म सम्माननीयज्यू समक्ष हार्दिक अनुरोध गर्न चाहन्छु ।

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा अतिथिज्यूहरू,**

मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन र परिपूर्ति राज्यका कुनै एक निकायको प्रयासले मात्र संभव हुँदैन । यसमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग, अन्य संवैधानिक आयोगहरू, नागरिक समाजका साथै निजी तथा व्यवसायिक क्षेत्रहरूको संयुक्त प्रयास, समन्वय  र सहकार्यबाट मात्र संभव देखिएको छ । त्यसैले मानव अधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कार्यरत हामी सबै मानव अधिकारकर्मीहरूको भूमिका अहम र महत्वपूर्ण छ । आजको यस महत्वपूर्ण अवसरमा यहाँहरू सबैलाई मानव अधिकारको रक्षार्थ हातेमालो गरौं भन्ने आह्वान गर्न चाहन्छु ।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि मानव मर्यादा उच्च राख्न र मानव अधिकार संस्कृतिको निर्माणका लागि आ-आफ्नो स्थानबाट यथेष्ठ योगदान पुर्‍याउनु भएकोमा सम्पूर्ण स्वदेशी तथा विदेशी व्यक्तित्वहरू/संघ संस्थाहरूलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि सवैबाट यथेष्ठ सहयोग, समन्वय एवं सहकार्यको अपेक्षा आयोगले लिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ जारी भएको ७३औं वर्षको अवसरमा मानव अधिकारका नयाँ आयामहरू समेतमा कार्य गर्ने अभिप्रेरणा मिलोस् भन्ने सबैलाई शुभकामना दिन चाहन्छु ।

अन्त्यमा, आफ्नो कार्य व्यस्तताको बाबजुद अमूल्य समय दिई आजको यस समारोहमा उपस्थित हुनुभएका सम्माननीय प्रधानमन्त्रीज्यू सहित विशिष्ट अतिथिज्यूहरू तथा आमन्त्रित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन्छु ।

॥ धन्यवाद ॥

२४ मंसिर, २०७८, ललितपुर,

10th December, 2021